# मुखबाट सेवन गर्नु पर्ने एन्टिभाइरल चक्की भनेको के हो?

## यो चक्कीले कोभिड-19 बाट सङ्क्रमित व्यक्तिलाई निको हुन मद्दत गर्छ।

तपाईंलाई गम्भीर कोभिड-19 हुने जोखिम छ र विगत 5 दिनभित्र तपाईंमा कोभिड-19 को सङ्क्रमण पुष्टि भएको छ भने तपाईं चिकित्सकको सल्लाहअनुसार एन्टिभाइरल चक्की खान सक्नुहुन्छ। दुई खाले चक्की उपलब्ध छन्: Paxlovid™ (Pfizer) र legevirio (Merck)। तपाईं आफ्नो उमेर, विगतको स्वास्थ्यसम्बन्धी जानकारी र तपाईंलाई लक्षणहरू देखिन थालेको कति भयो भन्ने कुराका आधारमा कोभिड-19 का यीमध्ये कुनै औषधि सेवन गर्न सक्नुहुन्छ।

ओरल एन्टिभाइरल उपचारले तपाईंको शरीरमा SARS-CoV-2 भाइरस (जसको कारणले कोभिड-19 हुन्छ) को सङ्ख्या बढ्न नदिएर, शरीरमा भाइरसको सङ्ख्या घटाएर वा शरीरको प्रतिरक्षा प्रणाली अझ बलियो बनाएर तपाईंको शरीरलाई कोभिड-19 विरुद्ध लड्न मद्दत गर्न सक्छ। यो उपचारले तपाईंलाई कोभिड-19 का गम्भीर लक्षणहरूबाट जोगाउन सक्छ र तपाईं कोभिड-19 को कारणले सिकिस्त बिरामी हुने र अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउने जोखिम घटाउन सक्छ।

---

## • यो ओरल एन्टिभाइरल कसरी सेवन गर्न सकिन्छ?

यो उपचार विधिअन्तर्गत तपाईंले एन्टिभाइरल चक्की खानु पर्ने हुन्छ। तपाईंले आफ्नो स्वास्थ्य सेवा प्रदायकको सुझावअनुसार एन्टिभाइरल चक्की खानु पर्छ। यो चक्की खान नछुटाउनुहोस् र यदि छुटिहालेमा एकै पटक दुई डोज नखानुहोस्। तपाईंले आफ्नो स्वास्थ्य सेवा प्रदायकको सुझावअनुसार यो उपचार पूरा नगरेसम्म वा तपाईंका स्वास्थ्य सेवा प्रदायकले रोक्नु नभनेसम्म उहाँको सुझावअनुसार यो चक्की खाइरहनु पर्छ। यो एन्टिभाइरल चक्की खानासँग वा छुट्टै खान सकिन्छ। यो चक्की नचपाइकन सिङ्गै निल्न सिफारिस गरिन्छ।

## • मलाई मर्गौला वा कलेजोको समस्या जस्ता कुनै अन्तर्निहित स्वास्थ्य समस्या छ भने के गर्ने?

कुनै पनि औषधि सेवन गर्न थाल्नुअघि तपाईंले आफ्ना स्वास्थ्य सेवा प्रदायकसँग आफ्नो स्वास्थ्य अवस्थाका बारेमा छलफल गर्नु पर्छ। तपाईंले उहाँलाई तपाईंका विद्यमान स्वास्थ्य समस्या र चिकित्सकले सिफारिस गरेका औषधि, आफूले चिकित्सकको सिफारिसविना सेवन गरिरहेका औषधि, भिटामिन र सप्लिमेन्टहरूका बारेमा बताउनु पर्छ।

मिर्गौला वा कलेजोको समस्या भएका मान्छेहरूले कुनै पनि एन्टिभाइरल औषधि खान थाल्नुअघि आफ्ना स्वास्थ्य सेवा प्रदायकसँग आफ्नो स्वास्थ्य अवस्थाका बारेमा कुरा गर्नु पर्छ। तपाईंका स्वास्थ्य सेवा प्रदायक तपाईंका लागि ओरल एन्टिभाइरल उपचार उपयुक्त छ कि छैन र उपयुक्त छ भने तपाईंले कति मात्रामा एन्टिभाइरल चक्की सेवन गर्नु पर्छ भन्ने कुरा निर्धारण गर्न सक्नुहुन्छ। केही निश्चित अवस्था भएका व्यक्तिहरूका लागि केही उपचारहरू सिफारिस नगरिन सक्छ।

## • म ओरल एन्टिभाइरल उपचार प्राप्त गर्नका लागि योग्य ठहर भइनँ भने के गर्ने?

तपाईंका स्वास्थ्य सेवा प्रदायकले तपाईं ओरल एन्टिभाइरल उपचार प्राप्त गर्नका लागि योग्य हुनुहुन्न वा यो उपचार तपाईंका लागि उपयुक्त छैन भन्ने कुरा ठहर गर्न सक्नुहुन्छ। यसका थुप्रै कारणहरू हुन सक्छन्। तपाईंले योग्यताका सबै मापदण्ड पूरा नगरेको हुन सक्छ वा तपाईंमा कुनै त्यस्तो स्वास्थ्य समस्या हुन सक्छ जसले गर्दा तपाईंका लागि केही निश्चित उपचारहरू उपयुक्त नहुन सक्छन्। आफ्ना स्वास्थ्य सेवा प्रदायकसँग तपाईंका लागि सबैभन्दा उपयुक्त हुने उपचार विधिका बारेमा छलफल गर्नुहोस्।

DOH 825-029 May 2022 Nepali

तपाईं यो सामग्री अरू कुनै ढाँचामा प्राप्त गर्न चाहनुहुन्छ भने 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका सेवाग्राहीहरूले कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा mailto:ecivil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्।